# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
### केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-नोट

९ माघ,२०७९

### राष्ट्रिय मानव अधिकार आयोगद्वारा यु.एन.वुमन र यु.एन.एफ.पी.ए.सँग समझदारीपत्रमा हस्ताक्षर

राष्ट्रिय मानव अधिकार आयोगले महिलाको मानव अधिकार संरक्षणार्थ यु.एन.वुमन (UNWOMEN) र यु.एन.एफ.पी.ए.(UNFPA) सँग छुट्टाछुट्टै समझदारीपत्रमा हस्ताक्षर गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगका का.मु. सचिव मुरारिप्रसाद खरेल र यु.एन.वुमनका तर्फबाट प्रमुख Ms. Navanita Sinha एवम् यु.एन.एफ.पी.ए. का तर्फबाट प्रमुख Ms. Won Young Hong ले आज आयोगमा आयोजित छुट्टाछुट्टै कार्यक्रममा हस्ताक्षर गर्नुभएको थियो ।

समझदारीपत्रमा विशेष गरी लैङ्गिक समानता, प्रजनन् स्वास्थ्यको अधिकार, महिला हिंसा न्यूनीकरण तथा महिला अधिकारका विभिन्न विषयमा दुई पक्षबीच समन्वय र सहकार्य गर्दै अगाडि बढ्ने उल्लेख गरिएको छ । त्यसैगरी, महिला अधिकारको संरक्षणका लागि विश्वव्यापी आवधिक समीक्षा (UPR) तथा संयुक्त राष्ट्रसंघीय विभिन्न समितिहरुबाट नेपाललाई प्राप्त सिफारिसको कार्यान्वयन अवस्था र मानव अधिकारका विषयमा प्रभावकारी अनुगमन गर्न क्षमता सवलीकरण गर्ने, प्रमाणमा आधारित अनुगमन र अनुसन्धानमार्फत नेपाल सरकार तथा सरोकारवाला निकायलाई महिला अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि क्षमता अभिवृद्धि र जवाफदेही बनाउने लगायतका विषयहरु समझदारी पत्रमा समावेश छन् ।

हस्ताक्षर कार्यक्रममा बोल्दै आयोगका माननीय अध्यक्ष तप बहादुर मगरले यसबाट लैङ्गिक हिंसा, प्रजनन् स्वास्थ्य, बालविवाह तथा महिला अधिकारका विभिन्न विषयमा प्रभावकारी रुपमा कार्य गर्न थप सहयोग पुग्ने बताउनुभयो । आयोगका माननीय अध्यक्ष तप बहादुर मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा आयोगका माननीय सदस्यहरु, सचिव, सहसचिवहरु, उपसचिवहरु लगायत आयोगका कर्मचारीहरु एवम् यु.एन.वुमन र यु.एन.एफ.पी.ए.का कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org